खण्ड तीन

# रेडियो र समाज



दाङका इँटा मजदुर आफ्नो कार्यस्थलमा रेडियो बजाउँदै (तस्बिरः उषा तितिक्षु)।

## अध्याय उन्नाईस

# रेडियो नेपालमा महिला कार्यक्रम विगतदेखि वर्तमानसम्म

**बीना शर्मा**

महिलावादी आन्दोलनहरूले रेडियो र महिलाको सम्बन्धलाई व्यापक नजरअन्दाज गरेका छन् । यो एउटा ठूलो दुर्भाग्य हो किनकि अन्य धेरै माध्यमको तुलनामा रेडियो महिलाको जीवनसँग धेरै गाँसिएको हुन्छ" (कार्फ सन् १९८०: ४१) ।

नेपालमा रेडियो सबैभन्दा बढी जनसङ्ख्यामा पुगेको र सुन्ने गरिएको सञ्चारमाध्यम हो । नेपाल जस्तो साक्षरता दर एकदमै कम भएको मुलुकमा यस माध्यमको महत्त्व झनै बढी हुन्छ भन्ने कुरामा कसैको पनि दुईमत नहोला । अहिले नेपालमा रेडियो माध्यमको व्यापक विकास हुनुपर्छ भनेर थुप्रै पहलहरू भइरहेका छन् । विशेषगरी सामुदायिक रेडियोको विकासका लागि अहिले भएका सकारात्मक प्रयासहरूले रेडियो माध्यमलाई आमजनताको पहुँचमा पुऱ्याउने पक्षलाई निकै महत्त्व दिएको देखिन्छ । यस्तो अवस्थामा जनसङ्ख्याको आधा हिस्सा ओगेटेका महिलाहरूको रेडियो माध्यमसँग कस्तो सम्बन्ध रहेको छ भन्ने पक्ष केलाउनु सान्दर्भिक ठहर्छ (अस्मिता सन् २००३: ४९) ।

माथिका उद्धरणहरूले महिलाको जीवन र सिङ्गो समाजमा रेडियो ज्यादै निकट र प्रभावी रहेको जनाएका छन् । यद्यपि महिलाका जीवन र समाजमा रेडियोले पार्न सक्ने प्रभावहरूबारे भने न्यून मात्र चासो राख्ने गरिएको छ। कार्फको भनाइमा धेरै महिलावादी आन्दोलनहरूले रेडियो र महिलासँग गाँसिएका पक्षहरूलाई नजरअन्दाज गर्नु एउटा दुर्भाग्य हो ।

राष्ट्रिय जनगणना २०५८ ले नेपालमा कुल जनसङ्ख्याको आधाभन्दा बढी अर्थात् ५०.०५ प्रतिशत महिला रहेको जनाएको छ । तर गरिबी, अज्ञानता, अन्धविश्वास र पुरुषप्रधान समाजका अनेकन परम्परा र संस्कारहरूले गर्दा महिलाहरू वर्षौंदेखिको घरेलु कामधन्दा, परनिर्भरता र परम्परागत अस्तित्त्वबाट माथि उठ्न सकेका छैनन् । महिलाहरू वर्षौंदेखि कानुनी र सामाजिक रूपमा असमान र अपूर्ण न्याय भोग्न बाध्य छन् । सहर बजारमा पढेलेखेका केही सीमित महिलाहरू आफ्नो हक अधिकारप्रति सचेत र आत्मनिर्भर देखिएपनि धेरै महिलाहरूले आज पनि आफू अन्य पुरुष जस्तै बराबर हैसियत राख्ने मानिस हुँ भनेर सोच्न समेत नसकिरहेको अवस्था छ । स्वास्थ्य, शिक्षा, प्रजननको अधिकार, लैङ्गिक समानता र सशक्तीकरणको आवाज धेरै महिलाका कानमा अझै पुऱ्याउन सकिएको छैन । आम रूपमा महिलालाई शिक्षित, सबल र आत्मनिर्भर बनाउनु ज्यादै आवश्यक छ ।

भौगोलिक विकटता, यातायातको अभाव, गरिबी र अशिक्षाका कारण सञ्चारको साधनमध्ये नेपालमा रेडियो नै सबैभन्दा उपयुक्त माध्यम हो । महिलाप्रति समाजको भेद्भावपूर्ण दृष्टिकोणमा परिवर्तन ल्याउन र महिलालाई दमित मानसिकताबाट माथि उठाउन रेडियो कार्यक्रमहरूले महत्त्वपूर्ण भूमिका खेल्न सक्छन् । सामान्यतः रेडियोबाट बजेका कुरामा आम मानिसको विश्वास हुन्छ । यसले उनीहरूको व्यवहारमा दूरगामी प्रभाव पार्न सक्छ । त्यसैले नेपाली महिलालाई रेडियो कार्यक्रमको माध्यमबाट जनचेतना फैलाउन र सुसूचित पार्न सकिन्छ । वर्षौंदेखि महिलाले भोग्दै आएका दमन र असमानताको अन्त गर्न रेडियो नै सबैभन्दा प्रभावकारी साधन हुन सक्छ ।

रेडियो नेपालमा महिला कार्यक्रमको थालनी २३ वैशाख २००८ देखि भएको थियो । आज पनि शिक्षामूलक कार्यक्रमको रूपमा यसको प्रसारण भइरहेको छ । यसबाट रेडियोमा नेपाली महिलाको पहुँच धेरै अघिदेखि भएको र महिला विषयवस्तुले पनि सुरुदेखि प्रवेश पाएको प्रष्ट हुन्छ । यद्यपि सो पहुँच कति महिलामा सीमित थियो भन्ने प्रश्न छँदैछ । साथै महिलाको नाममा बजेका कार्यक्रमले आम महिलाको सही प्रतिनिधित्व गर्न सक्यो या सकेन, बज्ने विषयवस्तु कस्ता थिए वा छन् र त्यसले महिलाको सामाजिक छविमा कस्तो

प्रभाव पार्न सक्छ भन्ने कुरा अझ महत्त्वपूर्ण छ । कार्यक्रम प्रसारणले समाजका कुसंस्कार र कुरीतिको पहिचान गर्दै महिलालाई परम्परागत अस्तित्त्वबाट परिवर्तन गराउनेतर्फ प्रशस्तै काम गर्न सक्छ ।

त्यसैले करिब ५० वर्ष अघिदेखि सञ्चालित महिला कार्यक्रमले आमरूपमा नेपाली महिलालाई कस्तो सूचना दिन सक्यो र महिलाको सामाजिक छविमा सकारात्मक प्रभाव पार्न कस्तो भूमिका खेल्यो भनेर खोज्नु आवश्यक छ । यस लेखमा महिला कार्यक्रम विगतदेखि वर्तमानसम्म के कसरी बज्दै आयो र यसको प्रभाव आमरूपमा कस्तो रह्यो भन्ने विषयमा सङ्क्षिप्त अध्ययन गर्ने कोसिस गरिएको छ । अध्ययनका क्रममा रेडियो नेपालद्वारा प्रकाशित हुने *झङ्कार* पत्रिकाका विभिन्न अङ्कहरू, रेडियोसँग सम्बन्धित विभिन्न सर्वेक्षणहरू, विभिन्न पत्रपत्रिकामा प्रकाशित लेख तथा सम्बन्धित क्षेत्रका व्यक्तिहरूसँगको कुराकानीलाई अध्ययनको मुख्य आधार बनाइएको छ । यो लेखलाई कार्यक्रमको सुरुआत; प्रसारणको उद्देश्य तथा नीति; प्रसारण समय र विषयवस्तु; लक्षित समूह र सहभागिता गरी चार मुख्य खण्डमा विभाजन गरिएको छ र अन्तमा निष्कर्ष प्रस्तुत छ ।

## कार्यक्रमको सुरुआत

महिला कार्यक्रमले रेडियो नेपालमा लामो इतिहास बनाइसकेको छ ।[१] आरम्भमा *नारी प्रोग्राम*को नामबाट प्रत्येक आइतबार यसको प्रसारण भएको थियो । कार्यक्रम सञ्चालक रश्मि राज्यलक्ष्मी तथा मिस एलिस थिए (झङ्कार २००८ख) । पछिल्ला वर्षहरूमा शान्ता श्रेष्ठ, मिठ्ठुदेवी, प्रभा बस्नेत, देवी शर्मा, नुपूर भट्टाचार्य, सूर्यकुमारी पन्त, इन्दिरा श्रेष्ठ आदिले कार्यक्रम सञ्चालन गरेका थिए । कार्यक्रमको नाम पनि विभिन्न समयमा फरक फरक रहेको पाइन्छ । सुरुआतताका *नारी प्रोग्राम* नाम भएको यो कार्यक्रम विभिन्न समयमा *नारी कार्यक्रम, नारी जगत, महिला जगत* आदि हुँदै वि.सं. २०५९ देखि *नारी संसार*को नाममा प्रसारण भइरहेको छ । यसको सञ्चालकमा रीता तिमिल्सिना र चन्दा बिष्ट छन् ।[२]

---

[१] यस लेखमा महिला कार्यक्रम भन्नाले रेडियो नेपालबाट बजेका महिलासम्बन्धी सबै कार्यक्रमलाई बुझाउँछ ।

[२] पाण्डव सुनुवार, सूर्यकुमारी पन्त, दामोदर अधिकारी तथा रीता तिमिल्सिनासँगको कुराकानीमा आधारित ।

यसप्रकार साठीको दशकसम्म आइपुग्दा रेडियो नेपालसँग सुरुदेखिको *नारी संसार* र थप कार्यक्रम *गृह लक्ष्मी* सञ्चालित छन् । यसबाहेक केही सरकारी तथा गैर सरकारी संघ संस्था पनि महिलासम्बन्धी विभिन्न कार्यक्रमको उत्पादन तथा प्रायोजनमा संलग्न रहेको पाइन्छ । मूलतः सामाजिक शिक्षा र चेतना अभिवृद्धिसम्बन्धी कार्यक्रमहरू अन्य संघ संस्थाहरूले सञ्चालन गर्ने गरेका छन् । जसमा महिला हक, हित, शिक्षा तथा लैङ्गिक समानतासम्बन्धी कार्यक्रमहरू समावेश भएको पाइन्छ । *महिला विकास कार्यक्रम, परिवार नियोजन तथा मातृ शिशु कल्याण कार्यक्रम, गृह विकास कार्यक्रम, गृह लक्ष्मी कार्यक्रम* आदि अन्य संस्थाको प्रायोजनमा रेडियो नेपालले उत्पादन गर्‍यो । *चेलीको आवाज, परिद्रष्टा, साथी* आदि रेडियो नेपालबाट प्रसारण भएपनि अन्य संस्थाबाट नै उत्पादित तथा सञ्चालित थिए । त्यस्तै हाल सञ्चालनमा रहेका *बराबरी, सचेतना* र *हाम्रो अधिकार* पनि अन्य संस्थाबाट सञ्चालित कार्यक्रमहरू हुन् ।[३] यसरी महिलासम्बन्धी विषयवस्तुमा अन्य संस्थाले विविधता ल्याइदिएको देखिन्छ ।

## प्रसारणको उद्देश्य तथा नीति

रेडियो नेपालसँग महिला कार्यक्रम सञ्चालनसम्बन्धी लिखित रूपमा कुनै निर्दिष्ट उद्देश्य, योजना तथा कार्यनीतिहरू नभएको तथा सञ्चालकको स्वविवेक र निर्णयमा कार्यक्रम बन्ने गरेको पाइन्छ ।[४] सञ्चालकको व्यक्तिगत दृष्टिकोण, ज्ञान र प्रवृत्तिअनुसार नै कार्यक्रम उत्पादन हुने गरेको देखिन्छ ।

योजना तथा नीति निर्देशनहरूको खोजी गर्दा सञ्चार योजना २०२८ तथा रेडियो नेपालको सुधार र सुदृढीकरण योजना २०४१ ले कार्यक्रम प्रसारणसम्बन्धी केही योजना तथा नीतिहरू तय गरेको भेटिन्छ । सञ्चार योजना २०२८ ले महिला कार्यक्रमको योजना यसप्रकार उल्लेख गरेको छः

क. संविधानद्वारा प्राप्त अधिकारको व्यवहारिक ज्ञान ।

ख. घरैमा बसीबसी गर्न सकिने सामाजिक, आर्थिक एवम् शैक्षिक उन्नति ।

ग. महिला वर्गलाई सरकारी एवम् गैर सरकारी क्षेत्रमा प्राप्त हुने वा हुन सक्ने अवसरको बोध ।

घ. पकाउने कलामा नवीनता, सिलाइ बुनाइ, गृह प्रबन्धमा हुन सक्ने सुधार, शिशु पालनको आधुनिक एवं परम्परागत ज्ञान, स्वास्थ्य विज्ञान आदि ।

---

[३] गोकर्ण रेग्मी तथा सूर्यकुमारी पन्तसँगको कुराकानीमा आधारित ।

[४] का.मु. कार्यक्रम निर्देशक पाण्डव सुनुवार, कार्यक्रम उपनिर्देशक तथा महिला कार्यक्रमका पूर्व सञ्चालक सूर्यकुमारी पन्त, र वर्तमान सञ्चालक रीता तिमिल्सिनासँगको कुराकानीमा आधारित ।

ङ. पुरुष जातिलाई कुन सीपले वशमा राख्ने र उनीहरूको पुरुषत्त्व कसरी विकास गर्न सकिन्छ ।

च. खरिद बिक्री, बजार भाउ, महिला कार्यक्रममा समावेश भएको हुनुपर्छ (श्री ५ को सरकार २०६०ग: १३८) ।

यसैको नीतिअन्तर्गत् बुँदा (ट) मा भनिएको छः "बाल, महिला, किसान, धार्मिक, गाउँलेहरूको मानसिक वृत्तिलाई सन्तोष दिने एवम् तिनीहरूको सर्वतोमुखी हित गर्ने कार्यक्रमहरू प्रसार गर्ने । सञ्चार योजना २०२८ का बुँदाहरू महिला विकासको लागि महत्त्वपूर्ण हुनसक्ने देखिए पनि धेरै बुँदाहरू स्पष्ट छैनन् । जस्तो बुँदा क, ख, ग र ङ को अर्थ अत्यन्त बृहत् र गहन छ । 'अधिकारको व्यवहारिक ज्ञान', 'घरैमा बसीबसी गर्न सकिने सामाजिक, आर्थिक एवम् शैक्षिक उन्नति', 'अवसरको बोध' आदिको अर्थ र व्याख्या व्यक्तिपरक हुन्छ । साथै ङ मा 'पुरुष जातिलाई कुन सीपले वशमा राख्ने र उनीहरूको पुरुषत्त्व कसरी विकास गर्न सकिन्छ' भनिएको छ । यसबाट योजनाकारहरूलाई नै महिला वर्गलाई के ज्ञान दिने र उनीहरूको सर्वतोमुखी विकास कसरी हुन्छ भन्ने कुरामा अल्पज्ञान भएको स्पष्ट हुन्छ । माथि भनिएका संवैधानिक अधिकार, सामाजिक, आर्थिक र शैक्षिक विकास जस्ता कुरालाई यो बुँदाले अर्थहीन बनाइदिएको छ । पुरुषलाई वशमा राख्ने सीप र पुरुषत्त्वको विकास भनेर महिलालाई फेरि पुरुषको पछाडि घुमाइएको छ र नारी व्यक्तित्त्वको विकासलाई ओझेलमा पारिएको छ ।

यस सन्दर्भमा पत्रकार मञ्जु थापाको विचार छः "यो बुँदाले त्यस बेलाका नीति निर्माताहरूको मनस्थिति र महिला प्रतिको सोचाइमा नै प्रश्न चिह्न लगाएको छ । एउटा हाँसो, ठट्टा वा धज्जीको रूपमा पो यो बुँदा आएको हो कि ! साथै नीतिका अन्य बुँदाहरू पनि स्पष्ट छैनन् ।"[५]

त्यसैगरी 'रेडियो नेपालको सुधार र सुदृढीकरण योजना २०४१' मा भनिएको छः

> समाजको एक मुख्य अङ्ग महिला समुदायलाई हाम्रो श्रम, सीप, व्यवसाय र कर्ममा सजग एवं सचेत पार्नु र विभिन्न प्रसारण सामग्रीहरूको माध्यमबाट राष्ट्रनिर्माणको निमित्त महिला वर्गको क्रियाशीलताको सम्बर्द्धन गर्नु, अरू उनीहरूभित्र रहेका प्रतिभालाई मूल्याङ्कन र उत्प्रेरित गर्नु यस कार्यक्रमको उद्देश्य हो (श्री ५ को सरकार २०४१: १६४) ।

[५] मञ्जु थापासँग ३० पुस २०६० मा गरिएको कुराकानीमा आधारित ।

यहाँ 'हाम्रो' भन्नाले कसको ? भन्ने प्रश्न उठ्छ, तर जवाफ स्पष्ट र सहज छैन । तैपनि कार्यक्रम उपनिर्देशक दामोदर अधिकारी, पाण्डव सुनुवार, सूर्यकुमारी पन्त आदिसँग यसबारे जिज्ञासा राख्दा 'हाम्रो' भन्नाले हामी सबै नेपालीको हो भन्ने जवाफ पाइयो । यी योजना तथा नीतिहरूले महिला वर्गलाई देशको एक महत्त्वपूर्ण अंश मानी यिनको श्रम, सीप, प्रतिभालाई महत्त्व दिनु एउटा राम्रो पक्ष हो । जसले भविष्यमा बन्ने अन्य नीति तथा योजनालाई मार्ग निर्देशन र सुधार गर्न सक्छन् भन्ने आशा गर्न सकिन्छ । तर सञ्चालकको रुचि, विवेक र ज्ञानअनुसार कार्यक्रमको विषयवस्तु जेसुकै हुन सक्ने देखिन्छ । यसले प्रसारणको वास्तविक उद्देश्य पूरा नहुन पनि सक्तछ ।

यद्यपि, माथि उल्लिखित योजना र नीतिका सम्बन्धमा स्पष्ट धारणा रेडियो नेपालमा नभेटिँदा कार्यक्रममा यी नीति र योजनाहरूको प्रयोग नभएको देखिन्छ । साथै सञ्चार योजनाका अव्यवहारिक पक्षको संशोधन समेत नहुनुले योजना, योजनाको कार्यान्वयन र त्यसका प्राप्तिबीच कुनै तालमेल नभएको पनि बुझिन्छ । त्यस्तै अन्य सञ्चार नीति तथा ऐनहरूमा पनि महिला कार्यक्रम ओझेलमा परेको छ ।

## प्रसारण समय र विषयवस्तु

रेडियो नेपालबाट प्रसारण हुने महिला कार्यक्रमको विषयवस्तुबारे चर्चा गर्ने क्रममा यसलाई मूलतः रेडियो नेपालको कार्यक्रम र बाहिरबाट सञ्चालित (उत्पादित) कार्यक्रम गरी दुई भागमा विभाजन गर्न सकिन्छ । तालिका १९.१ मा रेडियो नेपालबाट प्रसारित महिला कार्यक्रमको विवरण दिइएको छ, जसले रेडियो नेपालको र बाहिरबाट उत्पादित कार्यक्रमबारे जानकारी दिन्छ ।

### *रेडियो नेपालको कार्यक्रम*

२३ वैशाख २००८ देखि रेडियो नेपालले *नारी प्रोग्राम* आरम्भ गरेको थियो । सो कार्यक्रम बिहान ९:०० बजेदेखि हरेक आइतबार आधा घण्टा प्रसारण हुन्थ्यो । पहिलो दिन जनार्दन समद्वारा लिखित एकाङ्की नाटक 'आमाको आशा' प्रसारण गरिएको थियो । पुरुष वा श्रीमान्बाट महिला वा श्रीमतीलाई भएको दमन, महिलाले सहेको उत्पीडन, आमा हुनुको वेदना र सन्तानमाथिको भरोसा जस्ता विषयमा आधारित थियो यो नाटक । पहिलो दिनमा नै उक्त नाटक प्रसारण गरेर *नारी प्रोग्राम*ले नारीको गरिमामय छविलाई सकारात्मक ढङ्गले उजागर गर्न खोजेको सङ्केत पाइन्छ । साथै कार्यक्रममार्फत अन्धविश्वास र कुसंस्कार

विरुद्ध जनचेतना फैलाउन र नारीको गरिमामय छवि उजागर गर्न प्रयास भएको पनि बुझिन्छ। यस कार्यक्रमका सञ्चालक मिस एलिस र रश्मि राज्यलक्ष्मी थिए।

**तालिका १९.१: रेडियो नेपालबाट प्रसारित महिला कार्यक्रमको विवरण**

| सञ्चालन गर्ने संस्था | कार्यक्रमको नाम | प्रसारण अवधि |
|---|---|---|
| **रेडियो नेपाल** | | |
| | नारी संसार (नाम परिर्वतन हुँदै आएको) | २००८ देखि हालसम्म |
| | गृह लक्ष्मी | २०५९ देखि हालसम्म |
| | चेलीबेटीको व्यथा (चेलीबेटी) | २०५० देखि करिब २ वर्ष |
| | महिला न्यायिक सेवा | २०५० देखि करिब १ वर्ष |
| | महिला विकास कार्यक्रम | २०३० देखि २०५० सम्म |
| | परिवार नियोजन तथा मातृ शिशु कल्याण | २०३० देखि २०५० सम्म |
| **अन्य संस्था** | | |
| महिला विकास कार्यक्रम क्यानेडियन सहयोग कार्यालय | चेलीको आवाज | २०५०/५१ करिब १ वर्ष |
| कानुनी सहयोग तथा परामर्श केन्द्र, संयुक्त राष्ट्र संघ कार्यदल र महिला बालबालिका तथा समाज कल्याण मन्त्रालय | परिद्रष्टा | २०५९ देखि करिब १ वर्ष |
| साथी | साथी | २०५१ करिब ६ हप्ता |
| नेपाल सीआरएस कम्पनी | गृह लक्ष्मी | २०५८ देखि २०५९ |
| महिला बालबालिका तथा समाज कल्याण मन्त्रालय | बराबरी | २०६० (हाल प्रसारित) |
| कारितास नेपाल | सचेतना | २०६० (बीचमा बन्द भई पुन: प्रसारित) |
| राष्ट्रिय महिला आयोग | हाम्रो अधिकार | २०६० असोजदेखि हालसम्म |

स्रोत: कार्यक्रम महाशाखाको रेकर्ड, चैत मसान्त २०६० ।

नारी वर्गको उत्पीडन र वेदनाको चित्रण अनि रुढीबादी संस्कारको विरोधमा शङ्खनाद गर्दै जन्मेको *नारी प्रोग्राम* सुरु भएको ६ महिनापछि अचानक बन्द भयो। नेपाली नारीहरूबाट उचित सहयोग र प्रोत्साहन पाउन नसकेर बन्द गर्नु परेको गुनासो एक सूचनामार्फत रेडियो नेपालका तत्कालीन डाइरेक्टर तारिणीप्रसाद कोइरालाले पोखेका थिए (झङ्कार २००८घ, हेर्नुहोस् तस्बिर १९.१)। तर उक्त कुरामा अविश्वास गर्दै र *नारी प्रोग्राम* बन्द गरिएकोमा चिन्ता व्यक्त गर्दै श्रीमती क्याप्टेन फलेन्द्रलक्ष्मी लेख्छिन्:

करिब ५० लाख नेपाली नारीहरूको सहयोग र सहायताबिना जन्मेको केही महिनामा नै मृत्यु हुनदिनु एउटा खेद र लज्जाको कुरो छ। *नारी प्रोग्राम*ले नेपाली नारीहरूबाट सहयोग र प्रोत्साहन पाउन नसकेर बन्द भयो भन्ने कुरामा विश्वास गर्न सकिन्न (२००८: २२)।



नेपाल रेडियोको सूचना–

बहुतै अपशोचका साथ नेपाल भरमुलुकका नारी[illegible]लाई सूचना दिइपर्दै छ कि नेपाल-रेडियोलाई नारीजगत्बाट कुनै किसिमको सहयोग न आएकोले कार्तिक १६ गतेदेखि नेपाल-रेडियोले नारी-प्रोग्रामलाई हटाएको छ र तबसम्म हामी फेरिदेखिन् नारीप्रोग्राम चालु गर्नेछैनौं, जबसम्म हामी नेपालको नारी-जगत्बाट सहयोग पाउने वचन न पाउन्नौं ।

तारिणीप्रसाद कोइराला-
स्टेशनडाइरेक्टर.

तस्बिर १९.१: २००८ सालमा *नारी प्रोग्राम* बन्द गर्नु परेको कारण खुलाउँदै प्रकाशित सूचना (साभार: *झङ्कार* वीणा १ कम्पन ४, २००८, पृ. २०)।

यसरी बन्द भएको *नारी प्रोग्राम* वि.सं. २०१३ देखि भने पुनः सुरु भएको थियो। यसबेला कार्यक्रम सञ्चालकको रूपमा शान्ता श्रेष्ठलाई नियुक्त गरियो। साथै कार्यक्रममा महिलासम्बन्धी कथा, कविता, लेख आदि प्रसारण गर्नुपर्ने उनको नियुक्ति पत्रमा उल्लेख थियो (श्रेष्ठ २०५१: ८-९)। त्यसपछि आफूले लगातार २८ वर्षसम्म महिला कार्यक्रम सञ्चालन गरेको उनी बताउँछिन्। *रेडियो दर्पण* (२०१४) तथा २०१६ देखि २०१८ सालमा प्रकाशित *झङ्कार*मा दिइएको कार्यक्रम झलक हेर्दा पनि त्यसपछि यो कार्यक्रमले नियमितता पाएको देखिन्छ। यस अवधिमा उही (महिला) कार्यक्रम कहिले *नारी प्रोग्राम* त कहिले *नारी जगत* वा *महिला जगत*को नामबाट हरेक बुधवार प्रसारण भएको थियो।[६]

कार्यक्रमको विषयवस्तु तथा प्रस्तुतिहरू कस्ता थिए भन्ने सम्बन्धमा विस्तृत अभिलेख पाउन सकिन्न। तर २०१७ का *झङ्कार*मा दिइएका कार्यक्रम झलकहरूबाट प्रसारित सामग्री र विषयवस्तुबारे सामान्य जानकारी भने पाइन्छ। उदाहरणको लागि १३ असोज २०१७ बुधबार दोस्रो सभामा दिउँसो २:१५ देखि २:४५ बजेसम्म प्रसारित *महिला जगत* कार्यक्रमलाई लिन सकिन्छ। यसको विषयवस्तुमा (क)

[६] *झङ्कार* (२०१७ख, २०१७ग, २०१७घ, २०१७ङ, २०१८ख, २०१८ग) तथा शान्ता श्रेष्ठसँगको कुराकानीमा आधारित।

भजन, (ख) दशैँ एक वार्ता, (ग) पत्रोत्तर र (घ) पाक शिक्षा रहेको छ । फागुन २०१७ मा भने महिला कार्यक्रम हप्ताको दुई पटक बुधबार र शनिबार प्रसारण भएको थाहा हुन्छ । *झङ्कार*मा उल्लेख भएअनुसार ११ फागुन बुधबार २:१५ देखि २:४५ सम्म *नारी जगत* र १४ गते शनिबार ५:०० बजेदेखि ५:३० सम्म बेलुकी *नारी प्रोग्राम*को नामबाट बजेको थियो (झङ्कार २०१७घ) । त्यस्तै वि.सं. २०१८ मा पनि *नारी प्रोग्राम*कै नामबाट बुधबार बिहान ९:३० देखि आधा घण्टा प्रसारण भएको देखिन्छ (झङ्कार २०१८ख, २०१८ग) । यसप्रकार २०१३ देखि २०१८/२०१९ सालसम्म महिला कार्यक्रम सामान्यतः हप्ताको एक दिन ३० मिनेट प्रसारण भएको थियो । कार्यक्रमको विषयवस्तुमा श्रोता प्रतिक्रिया, पत्रोत्तर, वार्ता तथा कविता, लेख आदि रहेको थाहा हुन्छ ।

सुरुका दशकतिर रेडियो नेपालमा प्रायः सबै कार्यक्रमको प्रसारण समय छिटो-छिटो परिवर्तन भएको पाइन्छ । जसबाट महिला कार्यक्रम पनि अछुतो रहेन । वि.सं. २०२०/२०२१ तिर महिला कार्यक्रम मङ्गलबार र शुक्रबार गरी हप्तामा दुई पटक प्रसारण भएको थियो । त्यसबेला मङ्गलबार दोस्रो सभामा दिउँसो १:३० देखि २:०० बजेसम्म र शुक्रबार तेस्रो सभामा राति ८:०० देखि ८:३० बजेसम्म प्रसारण हुने गरेको थियो (रेडियो दर्पण २०२०, २०२१) । वि.सं. २०२२-२०२७ मा महिला कार्यक्रम कसरी सञ्चालन भयो भन्ने सन्दर्भमा कुनै अभिलेख भेट्न सकिँदैन । यस अवधिमा *झङ्कार*को प्रकाशन पनि स्थगित भएको थियो (हेर्नुहोस् अध्याय २३) । तर *रेडियो दर्पण* पाउन भने सकिएन । तर यो अवधिमा महिला कार्यक्रम पुरानै शैलीमा नियमित बजेको शान्ता श्रेष्ठ बताउँछिन् ।

वि.सं. २०२८/२०२९ तिरको अवधिमा हेर्दा हप्ताको एक दिन आधा घण्टा महिला कार्यक्रम प्रसारण भएको देखिन्छ । १ भदौ २०२८ मङ्गलबार ८:०० बजेदेखि ८:३० बजेसम्म समावेश भएका विषयवस्तुहरूमा (क) लेखः 'बाल स्वास्थ्यको विकास', (लेखक गणेशकुमार) (ख) लेखः 'पारिवारिक जीवन कस्तो हुनुपर्दछ', (लेखक नारायणी श्रेष्ठ) (ग) कविताः 'एक बिहानी उदाउँछ', (लेखक कमल ढुङ्गाना) प्रसारण भएका थिए । त्यस्तै भदौ महिनाका बाँकी चारओटा हप्ताहरूमा जामजेली बनाउने तरिका, ऊनी लुगा धुने तरिका, नारी केश शृङ्गार, केटाकेटीलाई हुने सरुवा रोग, तीज, शिक्षा, पतिव्रता स्त्री आदिबारे लेख, कथा, कविता अन्तर्वार्ता, समावेश भएका थिए । जसमा पुरुष छ र महिला चारजनाको सहभागिता थियो । कार्यक्रममा पुरुष लेखकहरूको बाहुल्य देखिन्छ भने महिलाका लेखहरू घरधन्दा, खाना बनाउने कला, शिशु स्याहार, रूप शृङ्गार, पारिवारिक जीवन इत्यादिमा बढी केन्द्रित देखिन्छन् । तर आर्थिक उन्नति,

उद्योग, व्यवसाय, राजनीति, कानुन जस्ता विषयका सामग्री समावेश नै छैनन् (झङ्कार २०२८ख) । यद्यपि महिलालाई कानुनी ज्ञान दिने उद्देश्यले हप्ताको एक दिन १० मिनेट शान्ति शाहको सहयोगमा कानुनी विषयवस्तु समावेश गरिएको तर निरन्तरता दिन नसकेको शान्ता श्रेष्ठसँगको कुराकानीबाट बुझिन्छ ।

वि.सं. २०३० मा भने कार्यक्रमको समय बढेर हप्ताको छ दिन दैनिक एक घण्टा भएको थियो । त्यसबेला महिला कार्यक्रममा *नारी संसार*का अतिरिक्त नयाँ विषयका रूपमा *महिला विकास कार्यक्रम* र *परिवार नियोजन तथा मातृ शिशु कल्याण कार्यक्रम* थपिएका थिए । *महिला विकास कार्यक्रम*मा विभिन्न किसिमका सीप विकास, पशुपालन, घरेलु उद्योग आदिद्वारा महिलाको आयआर्जन र आर्थिक उन्नतिमा जोड दिइएको थियो । यो दुई हप्तामा एकपटक बुधवार प्रसारण हुन्थ्यो । *परिवार नियोजन तथा मातृशिशु कल्याण कार्यक्रम*ले सुत्केरी आमा र नवजात शिशुका सुरक्षा सम्बन्धमा सामग्रीहरू प्रसारण गरेको थियो । यो हरेक आइतबार पन्ध्र मिनेट प्रसारण हुन्थ्यो (न्यू एरा १९७४: ८८-९१) ।

वि.सं. २०३३ देखि फेरि कार्यक्रमको समय घटेर आधा घण्टा भयो तर प्रसारणका अन्य पक्षमा भने परिवर्तन भएको देखिँदैन ।[७] २०३४ देखि २०४९ सम्मको अवधिमा पनि कार्यक्रम नियमित प्रसारण भएको थियो । यस अवधिमा विभिन्न



तस्बिर १९.२: कार्यक्रम सञ्चालन गर्दै सूर्यकुमारी पन्त (सौजन्य: सूर्यकुमारी पन्त) ।

[७] *झङ्कार* २०३३ का विभिन्न अङ्कहरूमा दिइएको कार्यक्रम झलकबाट ।

सञ्चार योजना तथा नीतिहरू बने (श्री ५ को सरकार २०४९ख, २०६०छ)। जसमा महिला कार्यक्रमको खाका र यसले समेट्ने विषयवस्तुबारे केही उल्लेख छैन। त्यसैले कार्यक्रममा कुनै नयाँपन आउन नसकेको बुझिन्छ।

वि.सं. २०५० मा कार्यक्रमको समय पुनः घटाएर २० मिनेट बनाइयो। यस अवधिमा कार्यक्रम *चेलीबेटीको व्यथा* र *महिला न्यायिक सेवा* नयाँ विषयका रूपमा महिला कार्यक्रमभित्र थपिए। *चेलीबेटीको व्यथा*मा महिलाले भोगिरहेका विविध समस्याविरुद्ध जनचेतना जगाउने विषयवस्तुहरू समावेश गरिएका थिए। विशेष गरी चेलीबेटी बेचबिखनविरुद्ध समाजलाई सुसूचित गर्न कार्यक्रम लक्षित थियो। *महिला न्यायिक सेवा कार्यक्रम*मा महिलाको कानुन प्रदत्त हक, अधिकारबारे जानकारी दिने उद्देश्य राखिएको थियो। यस कार्यक्रममा महिलालाई कानुनी ज्ञान दिने र समस्याहरूको कानुनी समाधानका उपायहरूको जानकारी दिने प्रयास गरिएको थियो, जसमा कानुनी सल्लाहका लागि कानुन व्यवसायी दिनेश अधिकारी संलग्न थिए। यी दुवै कार्यक्रमहरू लोकप्रिय रहेका तथा प्रश्न र प्रतिक्रियासहितका धेरै पत्र आएका थिए तर यी दुवै कार्यक्रम छोटो अवधिमा नै बन्द गरिए।

वि.सं. २०५२ सम्म आइपुग्दा महिला कार्यक्रमको समय हप्ताको चार दिन २० मिनेट रहेको तथा पुराना विषयवस्तुहरू बन्द भएको देखिन्छ। यद्यपि २०५२/२०५३ को केही महिना *चेलीबेटी कार्यक्रम* मङ्गलबार दिउँसो १:३० देखि १५ मिनेट प्रसारण भएको थियो। महिला कार्यक्रमको समय घट्दै २०५३ देखि २०५४ को सुरुको महिनासम्म हप्ताको तीन दिन हुँदै २०५५ देखि ६० सम्म हप्ताको एक दिन दिउँसो १:१० बजे प्रसारण भइरहेको छ।[८] साथै २०५९ देखि *नारी संसार*को नामबाट कार्यक्रम प्रसारण भइरहेको छ।[९] त्यस्तै २०५९ देखि थपिएको नयाँ कार्यक्रम *गृह लक्ष्मी* पनि हरेक सोमबार दिउँसो १:१० देखि आधा घण्टा प्रसारण हुने गरेको छ।

समयको कुरा गर्दा महिला कार्यक्रम निकै छोटो रहेको छ। कुनै समय हप्ताको छ दिन एक घण्टा बज्ने महिला कार्यक्रम हाल एक दिन बज्छ। कार्यक्रम शाखाका कार्यकारी निर्देशक पाण्डव सुनुवार अन्य कार्यक्रमको चापले गर्दा महिला कार्यक्रमको समय कटौती गर्नु परेको बताउँछन्। तर अन्य कार्यक्रममा पनि महिला विषयवस्तु प्रशस्तै बज्ने हुँदा यसले रेडियो नेपालमा

---

[८] *झङ्कार* २०५२-२०५५ सम्मका विभिन्न अङ्कहरूको अध्ययनमा आधारित।

[९] यो लेख तयार हुँदाहुँदै कार्यक्रम *नारी संसार*को समय २० असोज २०६० विहीबारदेखि १० मिनेट बढाएर आधा घण्टा बनाइएको छ।

कम स्थान पाएको भन्न नमिल्ने उनको धारणा छ । एक हिसावले सुनुवारको भनाइ ठीकै हो तर समाजको एउटा अभिन्न अङ्ग भएका नाताले त्यहाँको कुनै पनि विषयको चर्चा हुँदा महिलाका समस्याहरू पनि सम्बोधन भएका हुन्छन्, यसो भन्दैमा विशेषगरी महिलाकै लागि भनेर बनाइएको कार्यक्रमलाई सङ्कुचित गर्नु उचित देखिँदैन ।

विषयवस्तु र प्रसारित सामग्रीको सन्दर्भमा कुरा गर्दा निश्चित उद्देश्य र लक्ष्य प्राप्तिका लागि बजेका कार्यक्रम ज्यादै न्यून छन् । अन्यथा कुनै खास परिणाम प्राप्तिका लागि महिला कार्यक्रमले कुनै विषयलाई बहसको रूपमा उठाएको पाइँदैन । वर्षौंदेखि नारी चेतना र विकासका नाममा विभिन्न लेखहरू वाचन हुनु सिवाय कार्यक्रमको प्रभाव, उपलब्धि वा भावी योजनाका लागि कुनै अध्ययन, अनुसन्धान वा सर्वेक्षण भएको पनि भेटिँदैन ।

कार्यक्रममा नारी चेतना, पाक शिक्षा, शिशु स्याहार, स्वास्थ्य चर्चा, रूप सौन्दर्य, पारिवारिक वातावरण र व्यवहारिक शिक्षा, घरेलु कामधन्दा जस्ता विविध विषयले प्रमुख स्थान पाउँछन् । तर कार्यक्रममा यो दिन यो बज्ने भन्ने कुनै निश्चित ढाँचा  छैन । पूर्व प्रकाशित सामग्री र समयानुकूल विषयवस्तुहरू नै कार्यक्रममा समेटिएको हुन्छ ।[१०] सामान्यतः आर्थिक उपार्जन, उद्योग-व्यवसाय, कानुनी हक अधिकार तथा राजनीतिसम्बन्धी विषयवस्तुहरू कार्यक्रममा परेका छैनन् । भदौ र असोज २०६० मा प्रसारण भएका *नारी संसार*का विभिन्न कार्यक्रहरूको अध्ययन गर्दा गीतलगायत रूप सौन्दर्य, स्वास्थ्य चर्चा र पारिवारिक जीवनसँग सम्बन्धित लेख, रचनाहरू नै बढी प्रसारण भएका थिए । यस्ता लेख रचनाहरू विभिन्न महिला, पुरुषद्वारा प्रेषित तथा पत्रपत्रिकाबाट साभार गरिएका थिए । रूप सौन्दर्यभित्र छालाको सुन्दरता, हातखुट्टाको हेरचाह आदि थिए भने स्वास्थ्य चर्चामा लामखुट्टेबाट बच्ने घरेलु उपाय, बुढ्यौलीबाट टाढा रहने तरिका आदि रहेका थिए । साथै दाम्पत्य जीवन र परिवारसँग सम्बन्धित सामग्रीले पनि निकै स्थान पाएका थिए ।

समग्रमा कार्यक्रमले महिलालाई मनोरञ्जनका साथै घरायसी कामकाज र व्यवहारमा सरसल्लाह दिने चेष्टा गरेको देखिन्छ । महिला प्रकाशन गृहको एक सर्वेक्षणमा सहभागी महिलाहरूले रेडियोको महिला कार्यक्रम अप्रभावकारी र परम्परावादी भएको विचार व्यक्त गरेका छन् । उनीहरूको भनाइ छः “रेडियोबाट महिलालाई कानुन र स्वास्थ्यसम्बन्धी जानकारी दिने, आय आर्जनमा सघाउने,

[१०] *नारी संसार* कार्यक्रमका सञ्चालक रीता तिमिल्सिनासँगको कुराकानीमा आधारित ।

विभिन्न विषयमा चेतना दिने कार्यक्रमहरू प्रसारण गर्नु आवश्यक छ । परम्परागत् ढङ्गले चल्दै आएका लिङ्ग विभेदी श्रमविभाजनलाई उल्टाउने खालका उदाहरणहरू पनि दिनु पर्छ । जस्तै, 'आमा अफिस जानु भएको छ, बुवाले हामीलाई खाना पकाएर खुवाउनु भयो' भन्ने जस्ता कुरा रेडियोमा आउनु पर्छ" (अस्मिता सन् २००३: ५२-५३) ।

मूलतः *गृह लक्ष्मी* र *नारी संसार* एउटै धारका कार्यक्रम हुन् । दुवैले महिलालाई परम्परागत अस्तित्त्व र यथास्थितिमा रहन टेवा दिइरहेका छन् । पञ्चायतको पक्षमा बोल्नु पर्ने बाध्यताले शान्ता श्रेष्ठले राजनीति नछिराएको र महिला कार्यक्रमले *नारी संसार*मा आइसक्दा पनि राजनीतिलाई प्रवेश दिन सकेको छैन । त्यसबाहेक घरबारी, चुल्होचौका, छोराछोरी, लोग्ने र परिवारको वरिपरि महिलालाई घुमाइरहेको छ र सन्देश दिइरहेको छ- 'लोग्ने रिझाऊ, घरपरिवारलाई खुशी पार र महिला तिमी सुखले बाँच' ।

## ***बाहिरबाट उत्पादित कार्यक्रम***

महिला कार्यक्रममा अन्य सरकारी तथा गैर सरकारी संघ संस्थाहरूको योगदानको कुरा गर्दा ५० को दशक निकै महत्त्वपूर्ण देखिन्छ । यस अवधिमा अन्य संस्थाद्वारा उत्पादित तथा सञ्चालित विभिन्न कार्यक्रमहरू रेडियो नेपालबाट प्रसारण भए । नारी जागृतिको लहर, महिला सशक्तीकरणको आवाज, लैङ्गिक समानताको चेतना आदिले यी कार्यक्रमहरू जन्माएका हुन सक्छन् । जे होस् *चेलीको आवाज, परिद्रष्टा, साथी* जस्ता शिक्षा र चेतनामूलक कार्यक्रमहरू यस अवधिमा प्रसारण भएका थिए ।[११]

*चेलीको आवाज* वि.सं. २०५०/२०५१ मा मङ्गलबार बिहान ७:३० बजे महिला विकास कार्यक्रम क्यानेडियन सहयोग कार्यालय एबिसि नेपालद्वारा सञ्चालन भएको थियो । कार्यक्रमको उद्देश्य नेपाली महिलाको जीवनस्तर सुधार्नु, चेलीबेटी बेचबिखनविरुद्ध जनचेतना बढाउनु तथा महिलाको आर्थिक, कानुनी र शैक्षिक पक्षमा जोड दिनु रहेको थियो । कार्यक्रममा पीडित चेलीको कथा, कोठीको नारकीय जीवनको पीडादायी चित्रण, विभिन्न सर्वेक्षणका नतिजाहरू, अनुसन्धान तथा उद्धारमा संलग्न व्यक्तिका विचारहरू आदि समावेश भएका थिए ।[१२] 'नारी पुरुष बराबरी जीवनको हर क्षेत्रमा दुवै शक्ति हाराहारी' बोलको

---

[११] रेडियो नेपाल कार्यक्रम महाशाखाको रेकर्ड, २०६० साल ।

[१२] प्रसारित कार्यक्रमका विभिन्न रेकर्डहरूको श्रवणबाट ।

मीठो साङ्गीतिक धुन पनि प्रत्येक कार्यक्रमको सुरु र बीचबीचमा बजाइएको थियो । कसरी आफ्ना आफन्तबाट नेपाली चेली बेचिएका छन् भन्ने कुरालाई चेलीकै आवाजमा सुनाइएको थियो । कार्यक्रममा गरिबी, अज्ञानता, सहरी जीवनप्रतिको मोह, अर्काको देखासिकी गर्ने बानी जस्ता कारणहरूले नेपाली चेली बेचिएको निचोड प्रस्तुत गरिएको थियो । कार्यक्रम एक वर्ष मात्र प्रसारण भयो । जसलाई रेडियो नेपालले *चेलीबेटी कार्यक्रम* नामाकरण गरी केही समय निरन्तरता दिएको थियो । कार्यक्रम *चेलीबेटी*मा पनि *चेलीको आवाज* कार्यक्रमकै जस्ता विषयवस्तु र सामग्रीहरू समावेश गरिएका थिए । यसमा 'नबेच हामीलाई नबेच निष्ठुरी भई नबेच' भन्ने संवेदनशील गीत कार्यक्रमको सुरु र बीचबीचमा बजाइएको थियो ।

सम्पूर्ण रूपमा कार्यक्रम *चेलीको आवाज* र *चेलीबेटी* दुवैले महिला बेचबिखन विरुद्ध राम्रो प्रयास गरेको मान्न सकिन्छ । मानिस बेच्नु सामाजिक रूपमा निन्दनीय, कानुनी रूपमा दण्डनीय र अमानवीय कार्य हो भन्ने कुरालाई कार्यक्रमले निकै जोड दिएको थियो भने एउटी छोरी, पत्नी, बहिनी वा चेलीको रोदन र श्राप उसलाई बेच्ने आफन्तसम्म पुऱ्याउने चेष्टा पनि यसमा गरिएको थियो । साथै फर्केका चेलीको पुनः सामाजिकीकरण र पुनर्स्थापनामा संलग्न संस्थाहरू जस्तै 'नारी कल्याण गृह' आदिको बारेमा जानकारी पनि दिइएको थियो ।

असार २०५१ मा महिलाहरूको लागि कार्यरत गैर सरकारी संस्था 'साथी'ले पनि घरेलु हिंसा विषयक रेडियो कार्यक्रम *साथी*का छओटा शृङ्खलाहरू प्रसारण गरेको थियो । यस कार्यक्रममा घरेलु हिंसा एउटा जघन्य अपराध भएकोले यसलाई निरुत्साहित पार्न जोड दिइएको थियो । साथै समाजमा विद्यमान घरेलु हिंसाका विभिन्न रूपहरूको पहिचान गर्ने र त्यसको कानुनी उपचारको सम्बन्धमा छलफल पनि गरेको थियो । यसप्रकार *साथी कार्यक्रम*ले घरेलु हिंसा विरुद्ध जनचेतना फैलाउने एउटा प्रयास गरेको देखिन्छ । यद्यपि, कार्यक्रमले आफ्नो संस्थाको प्रचारमा बढी समय खर्च गरेको र प्रसारणमा धेरै त्रुटिहरू भएको गुनासो सुनिन्छ (थापा २०५१) ।

२०५८ सालमा करिब एक वर्ष *गृह लक्ष्मी कार्यक्रम* नेपाल सीआरएस कम्पनीको प्रायोजनमा व्यवसायिक रूपमा प्रसारण भएको थियो । वि.सं. २०५९ मा कानुनी सहयोग तथा परामर्श केन्द्र, संयुक्त राष्ट्र संघ कार्यदल र महिला बालबालिका तथा समाज कल्याण मन्त्रालयद्वारा *परिद्रष्टा* कार्यक्रम सञ्चालन भएको थियो । कार्यक्रमको उद्देश्य थियो महिला विरुद्ध हुने हिंसा तथा चेलीबेटी

बेचबिखन नियन्त्रणमा कानुनी समाधानको खोजी गर्नु । यो कार्यक्रम पनि करिब १ वर्ष जति चलेको थियो ।[१३]

त्यस्तै *सचेतना, हाम्रो अधिकार* र *बराबरी* हाल सञ्चालनमा रहेका छन् । *बराबरी कार्यक्रम* महिला बालबालिका तथा समाजकल्याण मन्त्रालयद्वारा सञ्चालित कार्यक्रम हो । जसको मुख्य उद्देश्य छोराछोरीमा विभेद गर्नु हुँदैन भन्ने चेतना अभिवृद्धि गर्नु हो । जुन प्रत्येक सोमबार बेलुकी ८:१५-८:३० सम्म बज्ने गर्दछ । *सचेतना कार्यक्रम* गैर सरकारी संस्था 'कारितास नेपाल'द्वारा सञ्चालित कार्यक्रम हो । यस कार्यक्रमको उद्देश्य महिला बेचबिखन, घरेलु हिंसा तथा महिला विरुद्ध हुने कुनै पनि दुर्व्यवहारको विरुद्ध चेतना फैलाउनु हो । जुन प्रत्येक विहीबार बेलुकी ८:१५-८:३० सम्म बज्ने गर्छ । *हाम्रो अधिकार* राष्ट्रिय महिला आयोगद्वारा सञ्चालित कार्यक्रम हो । मूलतः नीति निर्माण तहमा नेपाली महिलाले के कस्ता कानुनी अधिकार पाएका छन् भन्ने उद्देश्यसहित सञ्चालित यो कार्यक्रम प्रत्येक बुधबार बिहान ८:१५-८:३० सम्म बज्ने गर्छ ।

यसरी हेर्दा सामान्यतः अन्य संस्थाका कार्यक्रम निश्चित उद्देश्य र लक्ष्य लिएर बज्ने गरेका छन् । विभिन्न अध्ययन, अनुसन्धान र विश्लेषणहरूमा कार्यक्रम आधारित हुन्छन् । निश्चित समस्याको उठान र तिनको समाधानमा कार्यक्रम केन्द्रित हुन्छन् । त्यसैले यी कार्यक्रमहरू रेडियो नेपाल भित्रबाट उत्पादित कार्यक्रमका तुलनामा बढी जानकारीमूलक, अनुसन्धानमा आधारित, विषयगत र प्रभावकारी हुने गरेका छन् । बिहान बेलुकीको समय हुनाले धेरै महिलाले सुन्न सक्ने सम्भावना रहन्छ भने शीर्ष गीत र चेतनामूलक नाराले कार्यक्रममा मिठास पनि थपेको पाइन्छ । यद्यपि यी कार्यक्रमको प्रसारण अवधि अत्यन्त छोटो हुनु, अस्थायी हुनु, जटिल भाषाहरूको कारणले बुझ्न कठिन हुनु जस्ता समस्याहरू र आफ्नो संस्थाको प्रचारमा नै बढी समय खर्च गर्ने जस्ता कमजोरीहरू भने रहेका थिए । खासगरी दातृ राष्ट्र/संस्थाको आर्थिक सहयोगमा चल्ने यस्ता कार्यक्रमहरू उक्त सहयोग बन्द भएपछि आर्थिक अभावकै कारण निरन्तर चल्न नसकेको देखिन्छ । *चेलीबेटीको व्यथा, साथी* आदि यसका उदाहरणहरू हुन् ।

## लक्षित समूह र सहभागिता

महिला कार्यक्रमको लक्षित समूह नेपाली महिलाहरू नै हुन् । त्यसमा पनि विशेष गरी कार्यक्रम गृहिणीहरूतर्फ लक्षित देखिन्छ । तर के लक्ष्यअनुसार

[१३] कार्यक्रममा बजेका रेकर्डको श्रवण तथा रेडियो नेपालद्वारा प्राप्त जानकारीमा आधारित ।

महिलालाई कार्यक्रममा समेट्न सकिएको छ त ? महिलाका लागि भनेर बनेको कार्यक्रम कति महिलाले सुन्छन् वा सुन्न पाउँछन् त ? कार्यक्रम बज्नु वा बजाउनु मात्र ठूलो कुरा होइन । त्यसको प्रभाव र समाजमा आएको व्यवहारिक परिर्वतन महत्त्वपूर्ण पक्ष हो ।

कार्यक्रममा चिट्ठीपत्र वा रचना-प्रतिक्रिया आदिका रूपमा महिला सहभागिता कस्तो रहन्छ भन्ने अध्ययनमा सामान्यतः विगतमा र अहिले पनि महिला सहभागिता रचना, प्रतिक्रिया वा प्रश्न सबै रूपमा न्यून रहेको पाइन्छ । सामग्रीका हिसाबले बरु पुरुषको सहभागिता नै बढी हुने गर्दछ ।

विगतमा महिला सहभागिता कस्तो हुन्थ्यो भन्ने जिज्ञासा राख्दा शान्ता श्रेष्ठ भन्छिन्, "प्रतिक्रियाका आधारमा महिला सहभागिता थिएन भन्दा पनि हुन्छ । बरु केही सङ्ख्यामा पुरुषका पत्रहरू आउँथे र केहीले कार्यक्रमको आलोचना (घर भाँड्ने, पोथी बास्ने जस्ता गाली) गरेर पनि पत्र पठाउँथे ।" । सूर्यकुमारी पन्तका अनुसार महिला न्यायिक सेवा कार्यक्रम सञ्चालन हुँदा अंशवण्डा, सम्बन्ध विच्छेद, घरायसी झै-झगडा आदिसम्बन्धी कानुनी सल्लाह माग्दै धेरै महिलाले पत्रहरू पठाउने गर्थे । वर्तमान सन्दर्भलाई प्रष्टयाउँदै रीता तिमिल्सिना थप्छिन्,- "कार्यक्रममा महिलाको सहभागितामा र रचनाहरूलाई बढी प्राथमिकता दिइएको छ । तर प्रतिक्रिया र चिट्ठीपत्र भने कम आउँछन् । महिलाहरूले प्रायः स्वास्थ्य समस्या जस्तै केश झर्ने, चायाँ पर्ने, डण्डीफोर आउने आदिको उपचार सम्बन्धमा पत्रहरू पठाउने गरेका छन् ।"

महिलाको न्यून सहभागिताले कति महिला कार्यक्रम सुन्छन् भन्ने प्रश्न जन्माउँछ । हुन त पत्र मात्र श्रोता सहभागिताको मापन हैन । साथै लेख्ने क्षमता, बानी, हुलाकसम्मको पहुँच, टिकट खर्च आदिले पनि प्रतिक्रिया कम आएको हुन सक्छ । वास्तवमा महिला सहभागिता रचनाका रूपमा भन्दा श्रोताका रूपमा बढी हुनुपर्छ । महिला चेतना र जागरण ल्याउन सक्ने कसैको पनि रचना महिला कार्यक्रमबाट बज्न सक्तछ । त्यसैले महिला श्रोता बढाउनु र आफ्नो कार्यक्रमद्वारा उनीहरूको व्यवहारमा प्रभाव पार्नु बढी आवश्यक छ । यहाँ महिला कार्यक्रममा महिला श्रोताको सहभागिता कस्तो छ भन्ने विषयमा विभिन्न सर्वेक्षणले देखाएको नतिजाबारे चर्चा गरिएको छः

सन् १९७४ मा न्यू एराले गरेको एक अध्ययनअनुसार नमूनाका रूपमा लिइएका ७५ जना महिलामध्ये ५९% ले रेडियो नेपालबाट प्रसारित महिला कार्यक्रम सुन्ने गरेको जवाफ दिएका थिए । जसमा कसैले कहिलेकाहीँ र कसैले प्रायः सधैं सुन्ने बताएका थिए । कहिलेकाहीँ सुन्ने ४५%, प्रायः सुन्ने ३५% र कहिल्यै नसुन्ने २०% देखिए । यसप्रकार कहिलेकाहीँ सुन्ने र सुन्दै नसुन्नेको सङ्ख्या ६५% देखिन्थ्यो ।

५१ जना महिलामा ७५% ले आफूसँग समय नभएको र १४% ले कार्यक्रमको समय आफुलाई उपयुक्त नभएको बताएका थिए (न्यू एरा सन् १९७४: ८८-९२)।

रेडियो नेपालको श्रोता सर्वेक्षण शाखाद्वारा गरिएको राष्ट्रिय अध्ययन २०५४ को तथ्याङ्कअनुसार ६१७ जनामध्ये २१% रेडियो धनी महिलाहरू रेडियो नेपालको महिला कार्यक्रम सुन्छन्। जसमा ३९ वर्षभन्दा कम उमेरका श्रोता २५%, ४०-४९ सम्मका १८% र ५० भन्दा माथिको १४% सहभागीले महिला कार्यक्रम सुन्ने बताएका थिए। त्यस्तै विभिन्न सूचना, शिक्षा र विकासमूलक कार्यक्रममध्ये सबैभन्दा मन पर्ने कार्यक्रममा १०% ले महिला कार्यक्रम रोजेका थिए। यस अध्ययनबाट रेडियो नेपालको सूचना, शिक्षा र विकासमूलक कार्यक्रमहरू सुन्ने श्रोता तुलनात्मकरूपले कम भएको देखिन्थ्यो। यस्ता कार्यक्रमहरू नसुन्नाको कारणबारे जिज्ञासा राख्दा ७१% ले समय नभएको, ४% ले कार्यक्रम समय अनुपयुक्त भएको र ४% ले इच्छा नभएको बताएका थिए (मङ् र घिमिरे सन् १९९७: ९०)।

त्यस्तै, अस्मिता महिला प्रकाशन गृहद्वारा गरिएको महिला र मिडियासम्बन्धी एक अध्ययन[१४] मा ६४.७% महिलाले रेडियो नियमित सुन्ने गरेको पाइयो। जम्मा १००० जना सहभागीमध्ये ६० जना (६%) ले मात्र नियमितरूपमा महिला कार्यक्रम सुन्ने गरेको पनि उक्त अध्ययनले देखाएको थियो। त्यस्तै १६.१% ले धेरैजसो सुन्ने, ४९.७% ले मौका मिल्दा सुन्ने ६.२% ले ज्यादै कम र ९.२% ले कहिल्यै नसुन्ने बताएका थिए। यसप्रकार मौका अर्थात् समय मिलेमा महिला कार्यक्रम सुन्न चाहने महिला करिब ५० प्रतिशत नै देखिन्छ।

कुन समय उपयुक्त छ भन्ने अर्को सवालमा बिहान ५ देखि ९ बजेसम्मको समय आफूलाई उपयुक्त हुन्छ भन्ने सहभागी सबैभन्दा बढी (५२.२%) देखिए। त्यस्तै ९ देखि १२ बजेसम्मको समय उपयुक्त छ भन्नेमा सबैभन्दा कम (१२.२%) थिए (हेर्नुहोस् तालिका १९.२)। यस अध्ययनमा महिला कार्यक्रम बिहान वा बेलुकी प्रसारण भएमा चुल्होचौका गर्दै पनि सुन्न सकिने तर दिउँसो घर बाहिरको काम गर्नु पर्ने हुनाले सुन्न नपाइने विचार पनि सहभागी महिलाले व्यक्त गरेका थिए। यसै सर्वेक्षणअनुसार रेडियो नेपालको केन्द्रीय प्रसारण सुन्ने महिला ४८% र क्षेत्रीय प्रसारण सुन्ने ६४% थिए। त्यस्तै केवल ३५५ जना (३५.५%) महिलाले मात्र रेडियोमा बोलिने भाषा पूर्णरूपमा बुझ्ने जनाएका थिए। यस अध्ययनमा रेडियो नेपालको *नारी संसार* र *परिद्रष्टा कार्यक्रम*लाई समेटिएको थियो (अस्मिता सन् २००३: ५०-५१)।

---

[१४] यो अध्ययन रेडियो नेपालबारे मात्र नभई समग्र (एफएमसहित) रेडियो श्रवणको स्थितिबारे थियो। तैपनि महिला र रेडियोको सम्बन्ध स्पष्ट पार्न सहयोग पुऱ्याउने देखेर यहाँ समावेश गरिएको हो।

**तालिका १९.२: महिला कार्यक्रमको उपयुक्त समय र महिला श्रोता**

(कुल उत्तरदाता १,०००)

| उपयुक्त समय | श्रोता सङ्ख्या (प्रतिशतमा) |
|---|---|
| बिहान ५ देखि ९ बजेसम्म | ५२.२ |
| बिहान ९ देखि १२ बजेसम्म | १२.२ |
| मध्याह्न १२ देखि अपराह्न ४ बजेसम्म | १९.२ |
| अपराह्न ४ देखि साँझ ८ बजेसम्म | २४.६ |
| साँझ ८ देखि राति १२ बजेसम्म | २९.५ |

स्रोतः अस्मिता (सन् २००३: ५१)।

माथिका सर्वेक्षणहरूले महिलाहरूको श्रोता सहभागिता न्यून रहेको देखाएका छन्। श्रोता कम हुनुको मुख्य कारणहरूमा समय अनुकूल नहुनु, उपयुक्त विषयवस्तुको अभाव तथा नबुझिने भाषाको प्रयोग आदि हुन्। तर श्रोता सहभागिता बढाउन रेडियो नेपालले कुनै कदम चालेको देखिन्न। वास्तवमा महिला कार्यक्रम लामो समयदेखि बिना कुनै सर्वेक्षण, कुनै अध्ययन बजिरहेको छ। लाग्दछ, महिला कार्यक्रम केवल नामको लागि मात्र चलिरहेको छ। शान्ता श्रेष्ठका अनुसार रेडियो नेपालले महिला कार्यक्रमलाई कहिले पनि प्राथमिकता दिएन। उनको २८ वर्षे कार्यकालमा महिला कार्यक्रमको मूल्याङ्कन र सुधार गर्ने हेतु कुनै मिटिङ्ग भएन। अस्मिता (सन् २००३) को अध्ययनमा धेरै महिलाहरूले रेडियोले महिलासम्बन्धी सवालमा महत्त्वपूर्ण प्रभाव पार्न नसकेको र महिला विषयलाई सशक्तरूपमा अगाडि ल्याउन नसकेको विचारहरू व्यक्त गरेका छन्। कार्यक्रममा विकट र दुर्गम जिल्लाका अशिक्षित महिलाको लागि काम लाग्ने विषयवस्तुको पनि अभाव छ। त्यस्तै शार्दूल भट्टराई महिला कार्यक्रम लगायत सबै शिक्षामूलक कार्यक्रमहरू बहुसङ्ख्यक अशिक्षित जनताका लागि कति सम्म शिक्षामूलक हुन सकेको छ भन्नेमा प्रश्न चिह्न लगाउँछन् (भट्टराई २०५१)।

धेरै महिला दिउँसो रेडियो सुन्ने समय पाउँदैनन्। जबकि बिहान बेलुकीको घरधन्दा सँगसँगै रेडियो सुन्ने समय निकाल्न सक्छन् (अस्मिता सन् २००३: ५१)। गृहिणीहरू दिनभर घरै बस्छन् र रेडियो सुन्छन् भन्ने सोचाइ गलत हो। उनीहरू दिउँसो पनि किनमेल, खेतबारी, मिल-घट्ट, घाँस दाउरामा हिड्नुपर्छ। जागीरे र विद्यार्थीको लागि त झन् दिउँसो रेडियो सुन्न सम्भव नै छैन। अतः रेडियो नेपालले महिला कार्यक्रमलाई त्यति महत्त्व दिएको र महिला सहभागिता बढाउन ठोस प्रयत्न गरेको देखिन्न।

## निष्कर्ष

सन् १९९५ मा सम्पन्न चौथो विश्व महिला सम्मेलनले महिलाको विकास र समानताका लागि सञ्चारमाध्यममा महिलाको पहुँच र सहभागितामा रहेको असमानतालाई हटाउनु पर्ने र सञ्चारमाध्यममा महिलाको सन्तुलित तथा गैर परम्परागत छविको वृद्धि गरिनु पर्ने कुरालाई मुख्य रणनीतिको रूपमा उठाएको छ । तर महिला कार्यक्रममा महिलाको सामाजिक अस्तित्त्व र दृष्टिकोणमा परिवर्तन ल्याउने किसिमले कार्यक्रम प्रसारण भएको देखिन्न । कार्यक्रमले महिलालाई परम्परागत भूमिका, घरेलु कामधन्दा र परिवारको हेरचाहमा खुसी र सुखी हुन टेवा दिइरहेको छ । गृहिणीलाई रूप र सौन्दर्य बारेको पाठ नै सिकाइरहेको छ ।

रेडियोमा बजेका कुरा बढी गम्भीर र सम्वेदनशील हुन्छन् । आम मानिसहरू रेडियोले भनेका कुरा साँचो र सत्य मान्छन् । विशेषगरी कम पढेलेखेका महिलाहरू रेडियोले भनेका कुराहरूबाट बढी प्रभावित हुन्छन् । कुनै कुरामा जोड दिनु पर्दा उनीहरू 'रेडियोले त भनेको' भनेर प्रमाण दिन्छन् । रेडियोले मानिसको जीवनमा गहिरो र दूरगामी प्रभाव पारेको हुन्छ । त्यसैले निश्चित योजना, नीति र भावी प्रभावको अध्ययन गरेर सामग्री प्रसारण गरिनु पर्दछ । श्रोता सर्वेक्षण, श्रोता मत सङ्कलन, विगतका कार्यक्रमहरूको अध्ययन आदिको माध्यमबाट उचित विषयवस्तु र समयको चयन पनि गर्न सकिन्छ ।

आज महिला समाजको व्यापक क्षेत्रमा संलग्न छन् । गृहिणी मात्र भएर उनीहरूको जीवन चलेको छैन । बरु आर्थिक उपार्जन र पारिवारिक दायित्त्व सँगसँगै वहन गर्नु परेको छ । त्यसैले शिक्षित-अशिक्षित सबै महिलाका जीवनमा धेरै चुनौती र समस्याहरू छन् । जसलाई महिला कार्यक्रमले मुखरित गर्न सक्नु पर्छ । छोटो समय बजेको *महिला न्यायिक सेवा* र *चेलीबेटी* कार्यक्रमले यस्तै समस्याहरूमा केन्द्रित थिए । जसमा धेरै महिलाले पत्र पठाई सहभागिता पनि देखाएका थिए । तर रेडियो नेपालले यी कार्यक्रमहरूलाई निरन्तरता दिन सकेन । न त त्यसखाले नयाँ कार्यक्रम नै आयो ।

हुन त विभिन्न संस्थाहरूले बेलाबखतमा विभिन्न विषयका कार्यक्रमहरू दिने गरेका छन् । तर अन्य संघसंस्थाबाट सञ्चालित कार्यक्रमको भरमा रेडियो नेपालको आफ्नो दायित्त्व पूरा हुन सक्तैन । सीमित स्रोत र सहयोगमा छोटो अवधिका लागि बज्ने बाहिरका कार्यक्रमहरू भन्दा रेडियो नेपालका स्थायी कार्यक्रमहरू नै बढी उपलब्धिमूलक हुन सक्तछन् । त्यसमा पनि रेडियो नेपाल प्रति हरेक वर्ग र समाजको विशेष अपेक्षा र आग्रहहरू हुन्छन् जसबाट रेडियो नेपाल पन्छिन सक्दैन । त्यसैले निर्दिष्ट लक्ष्य, योजना र नीतिको तर्जुमा र समय

सापेक्ष संशोधनसहित रेडियो नेपालले महिला कार्यक्रमलाई अगाडि बढाउनु पर्दछ । साथै महिलाको परिवर्तित भूमिकालाई स्वीकार्दै समाजलाई दिशानिर्देश पनि गर्नु पर्छ । अन्यथा, शिक्षामूलक कार्यक्रम केवल मनोरञ्जनात्मक कार्यक्रमभन्दा बढी केही हुन सक्ने छैन ।